दर्ता नं. २०९१/०६५/०६६

# Annual Report 2013/14

6th

छैठौं वार्षिक प्रतिवेदन
आ.व. २०७०/७१




## देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

## DEV DARSHAN SAVING & CREDIT CO-OPERATIVE LTD.

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

दाउराडिपो, चेकपोष्ट, काठमाडौं ।

## सञ्चालक समिति



**राम नारायण घिमिरे**
अध्यक्ष



**बेली मैया घले**
उपाध्यक्ष



**राम तामाङ्ग**
सदस्य



**राजु कार्की**
सदस्य



**तीर्थ कुमार लामा**
सदस्य



**लक्ष्मण बलामी**
सदस्य

## लेखा समिति



**नानु थापा (पण्डित)**
संयोजक



**बिमल बिक्रम बानियाँ**
सदस्य




**बसन्त महर्जन**
सदस्य

## निक्षेप योजनाहरु

*Saving Schemes*

विद्यमान प्रतिस्पर्धात्मक वित्तीय वातावरणमा निक्षेपकर्ताहरूलाई आकर्षक ब्याजदर प्रदान गर्ने गरी निम्न बमोजिम निक्षेप योजनाहरू लागु गरिएको छ ।

| | |
|---|---|
| • गोल्डन बचत (Golden Saving) | • देव दर्शन बोनस बचत योजना (Dev Darshan Bonus Saving Scheme) |
| • किसान बचत (Kishan Savings Scheme) | • देवदर्शन पेन्सन बचत योजना (Dev Darshan Pension Savings Scheme) |
| • साधारण बचत (General Saving) | • देवदर्शन नियमित बचत योजना (Dev Darshan Niyamit Saving) |
| • देवदशन विशेष बचत (Dev Darshan Special Savings) | • बाल बैक्षिक बचत योजा (Child-edu. Savings Scheme) |
| • मुद्धति निक्षेप (Fixed Deposit) | • नारी उत्थान बचत योजना (Nari Utthan Savings Scheme) |
| • अवधि बचत (Periodic Savings) | |



# राष्ट्रिय गान

सयौं थुंगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची–महाकाली

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा, धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय–जय नेपाल ।

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | सञ्चालक समितिको प्रतिवेदन | ३–१० |
| २. | लेखापरीक्षकको प्रतिवेदन | ११–१२ |
| ३. | लेखा समितिको वार्षिक प्रतिवेदन | १३–१४ |
| ४. | वासलात | १५ |
| ५. | आय बिवरण हिसाब | १६ |
| ६. | इक्विटी विवरण | १७ |
| ७. | नगद प्रवाह बिवरण | १८ |
| ८. | अनुसूचीहरू | १९–२७ |
| ९. | प्रमुख लेखा नीति | २८–३२ |

### देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. थानकोट, काठमाडौंको

## छैंठौ वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

**शेयरधनी महानुभावहरु,**

यस देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. थानकोट, काठमाडौंको मिति २०७१/५/१३ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको छैंठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरी पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, स्थान र समयः**

मिति : २०७१ साल आश्विन ३ गते, शुक्रबार ।

स्थान : संस्थाको नव-निर्मित भवन, दाउराडिपो, चेकपोष्ट, काठमाडौं ।

समय : दिउँसो १:०० बजे ।

**साधारण सभामा छलफल हुने विषयहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व. २०७०/०७१ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. संस्थाको आ.व. २०७०/०७१ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. चालू आ.व. २०७१/०७२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. आ.व. २०७०/०७१ मा संचालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरुको अनुमोदन सम्बन्धमा ।

५. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि संचालक समितिको तर्फबाट १ जना र शेयर सदस्यको तर्फबाट १ जना प्रतिनिधिको चयन गर्ने सम्बन्धमा ।

६. शेयर सदस्यहरुलाई लाभांश वितरण गर्ने सम्बन्धमा ।

७. कर्मचारी बोनस वितरण गर्ने सम्बन्धमा ।

८. विविध ।

अध्यक्ष

संचालक समितिको आज्ञाले

पुनश्चः उक्त दिन संस्थाको सहकारी भवन उद्घाटन सम्माननीय संविधान सभा अध्यक्ष श्री सुवासचन्द्र नेम्वाङ ज्यू बाट हुने जानकारी गराउदछौं ।

समयः विहान ११:०० बजे

## देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७०/०७१ को

# वार्षिक प्रतिवेदन

## आदरणीय शेयरधनी सदस्य महानुभावहरु !

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को छैठौं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु भएका आदरणीय प्रमुख अतिथि ज्यू, अथिति ज्यूहरु, सल्लाहकार ज्यूहरु, शेयरधनी सदस्य महानुभावहरु, संचालक समितिका साथिहरु, लेखा समितिका साथिहरु, भवन निर्माण उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, प्राविधिक ज्यूहरु, विभिन्न मिडियाका पत्रकार मित्रहरु लगाएत यस सभामा पाल्नु भएका सम्पूर्ण सहकारी कर्मीहरुलाई सस्थाको संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन गर्न चाहन्छु ।

**शेयरधनी सदस्य महानुभावहरु,**

सन् १८४४ मा वेलायतको म्यानचेस्टरका २८ जना रोडचेल पायोनियर्स (Rodchdale Pioneers) बाट सुरु भएको संसारको पहिलो सहकारी अभियान र सन १८५० मा एफ. डब्लु. राइफाइसन (F.W. Raiffeisen) ले जर्मनीबाट सुरु गरेको बचत तथा ऋण सहकारी अभियानले, सुरु गरेको लामो समय पश्चात युरोप हुँदै विश्वभरी फैलिने क्रममा नेपालमा सन् १९८३ (वि.सं. २०१०) सालमा सहकारी विभागको स्थापना भई सन् १९५६ (वि.स. २०१३) मा बखान ऋण सहकारी मार्फत सहकारी अभियानको औपचारिक रुपमा सुरुवात भएको पाइन्छ । नेपालमा वि.सं. २०४६ सालको परिवर्तन पश्चात खुला अर्थतन्त्रले गति लिन सुरु गरेसंगै सहकारी ऐन २०४८ लागु गरी राज्यले प्रोत्साहन र प्रवर्द्धन गर्दै अघि वढाउने क्रममा सहकारीले गति लिएको हो । नेपालको अन्तरिम संविधान २०६३ को धारा ५३ (२) मा पनि “सरकार, सहकारीता र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्ने छ” भन्ने प्राबधान गरेको छ । यस अर्थमा पनि देश विकासको लागि सहकारी तीन खम्बा मध्य को एउटा प्रमुख अंग हो, भन्ने हामी सबैले बुझेका छौं ।

सहकारी पद्धती अनुसाशित  ढंगले आफ्ना मूल्य, मान्यता र सिद्धातको आधारमा संचालन हुने, स्वनियमकारी संस्था हुने भएकाले यसको महत्व दिनानुदिन बढ्नुको साथै सहकारीको माध्यमबाट समाजमा छरिएर रहेका पूँजी, सिप, ज्ञान र प्रविधिलाई एकत्रित गरी बढी भन्दा बढी उत्पादनमा अग्रसर बनाई समाजमा रहेका साना-ठूला, धनी-गरीब, जात-जाति, महिला-पुरुष सबै वर्गको आर्थिक, सामाजिक र साँस्कृतिक आवश्यकता पूर्ती गर्न सक्नु नै सहकारीको मुख्य उद्देश्य हो । हालै काठमाडौंमा सम्पन्न प्रथम राष्ट्रिय सहकारी महासम्मेलन-२०७० (चैत्र ११ देखि १३ गते) ले पनि “सहकारी मार्फत दिगो आर्थिक विकास र सामाजिक न्याय” भन्ने मुल नारा दिइएको थियो । यस अर्थमा पनि देश विकासको मूल आधार र

सामाजिक न्यायको लागि सहकारीको अपरिहार्यता रहेको प्रष्ट हुन्छ ।

सहकारी विकासको क्रमसंगै हाम्रो देशमा विद्यमान ३०,००० (तीसहजार) सहकारीको भिडमा आफ्नो वेग्लै पहिचान स्थापित गर्ने उद्देश्य साथ यस देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं जिल्लाको पश्चिम भेगिय गा.वि.स.हरुलाई आफ्नो कार्य क्षेत्र मान्ने अनुमति डिभिजन सहकारी कार्यालय काठमाडौंमा लिई २५ जना स्थानीय युवाहरु एकतृत भई सानो पूँजीका साथ मिति २०६६ साल असार ६ गते विधिवत रुपमा स्थापना गरिएको संस्था हो । यस संस्थाले स्थापना कालदेखी हालको अवस्था सम्ममा सदस्य केन्द्रीत कारोवारमा विशेष जोड दिदै आइरहेको र सदस्यहरुको आवश्यकता पूरा गर्नको लागि हर प्रयास अघि बढी नै रहेको जानकारी यस सभा समक्ष गराउन चाहन्छु । संस्थाको सदस्यता लिई सक्रिय एवंम नियमित बचत गर्ने, ऋण लिने, संस्थाको विकासको लागि सहयोग गर्ने सदस्य महानुभावहरुमा आभार व्यक्त गर्न चाहन्छु । अबका दिनमा सदस्य केन्द्रीत कारोबारमा जोड दिदै सदस्यहरुलाई रोजगारी सृजना र सीप विकासको लागि निःशुल्क तालिमको व्यवस्था मिलाउने, रेमिटेन्स सुविधाहरुमा जोड दिने, SMS Banking मा जोड दिने, सदस्यहरुलाई आफ्नो बचतमा बिश्वस्त हुने वातावरण बनाउने, साथै सदस्यहरुलाई विभिन्न सामाजिक कार्यमा प्रत्यक्ष लाभ हुने कार्य गर्ने आगामि दिनहरुको योजना रहेको जानकारी गराउन चाहन्छु साथै संचालक समिति र व्यस्थापन पक्ष भावि योजनाहरु तथा लक्षहरु पुरा गर्न हरपल क्रियाशिल रहेको छ र भावि योजनाहरु पुरा हुनेमा हामी पूर्ण विश्वस्त छौं ।

| आ.व. | शेयर पूँजी | बचत | ऋण | कुल सम्पत्ति |
|---|---|---|---|---|
| ०६५/०६६ | २२,५०,०००/- | ७४,७२,९३७/- | १०,३०,०००/- | ९२,००,५५९/- |
| ०६६/०६७ | ५२,८४,०००/- | ९,३१,३७,२९९/- | ८,४९,७९,६१६/- | १०,४१,७१,५११/- |
| ०६७/०६८ | ८८,८९,९००/- | १०,३५,५२,७४५/- | ९,३६,८५,१०४/- | ११,८१,२८,२८५/- |
| ०६८/०६९ | १,०७,२९,५००/- | ११,३२,७०,०२०/- | ९,१२,३३,५५५/- | १३,१९,९८,२०५/- |
| ०६९/०७० | १,२०,६७,९००/- | १४४०४५८२७/- | १२३३६६७१२/- | १६७११०९६७/- |
| ०७०/०७१ | १,४०,२४,१००/- | २४,००,२१,२११/- | १५,७८,५८,६७६/- | २६,७२,१५,२४३/- |

व्यवस्थापनको अथक प्रयास, कर्मचारीहरुको लगनशिलता र इमान्दारीताको साथै शेयरधनी सदस्यहरुको अविच्छिन्न सहकार्य र सहयोग भएता पनि संस्थाले आ.व. २०७०/०७१ मा अधिक तरलताको बाबजुत पनि संतोषजनक मुनाफा आर्जन गर्न सफल भएका छौं । त्यस्तै शेयर पूँजी, निक्षेप संकलन र कुल कारोबार बृद्धिमा अधिकतम सफलता हासिल गर्न सफल भएका छौं ।

यो सफलता हासिल गर्न सक्नुको पछाडी आदरणीय शेयरधनी सदस्यहरु लगाएत संस्थासंग सम्बन्धित सबैको समान योगदान रहेको छ भन्ने हामीलाई लाग्दछ । अब म आ.व. २०७१/०७१ मा संस्थाले हासिल गरेको सफलतालाई यसै प्रतिवेदनमा बुँदागत रुपमा यस साधारण सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. व्यवस्थापन

सहकारी ऐन, नियम, संस्थाको स्वीकृत विनियम, सहकारी मापदण्ड, सहकारी विभाग र डिभिजन सहकारी कार्यालय काठमाडौं, जिल्ला सहकारी संघको अनुगमन, निर्देशन तथा संचालक समितिको प्रत्यक्ष रेखदेख र अधिनमा संस्थाको दैनिक कार्य संचालन हुँदै आइरहेको छ । संस्थाको उद्देश्य प्राप्त गर्न, प्रतिस्पर्धामा अगाडि बढाउन र आजको यो स्थान सम्म ल्याई पुऱ्याउन कर्मचारीहरुको ठूलो भूमिका रहेको छ । कर्मचारीहरुको अमुल्य भूमिकालाई मध्यनजर गर्दै संस्थाले कर्मचारी प्रशासन विनियमावली-२०६७ अनुरुप कर्मचारीहरुलाई विशेष व्यवस्था गरेको छ । जस अन्तर्गत कर्मचारीहरुलाई स्थायी नियुक्ति पत्रको व्यवस्था, संचयकोष को व्यवस्था, उपदान को व्यवस्था, घर विदा, बिरामी बिदा, सुत्केरी विदा, काजकिरिया विदा, औषधि उपचार खर्च, विमा, दशैं खर्च, अध्ययन र तालिमको व्यवस्था, आन्तरिक बढुवा जस्ता सुविधाहरु प्रदान गरिरहेको छ । व्यवस्थापन पनि सदस्यहरुलाई छिटो-छरितो र सरल ढंगले स्तरीय सेवा प्रवाह गराउन सदैव सचेत र क्रियाशील रहेको छ । व्यवस्थापन तर्फ हाल संस्थामा कार्यकारी अध्यक्ष-१, प्रबन्धक-१, सहायक अधिकृत-२, वरिष्ठ सहायक-१, सहायक-५, कनिष्ठ सहायक-८, सुरक्षाकर्मी-२, पियन-१ समेत २१ जना पदाधिकारी एवं कर्मचारी वर्ग निरन्तर रुपमा व्यवस्थापकीय कार्यमा क्रियाशील रहेका छन् ।

## २. शेयरपूँजीः

आ.व. २०६९/०७० मा संस्थाको शेयरपूँजी रु. १,२०,६७,९०० (एक करोड बीस लाख सड्सठ्ठी हजार नौ सय रुपैयाँ मात्र) रहेकोमा आ.व. २०७०/०७१ मा संस्थाको शेयरपूँजी रु. १,४०,२४,१०० (एक करोड चालिस लाख चौबिस हजार एक सय रुपैयाँ मात्र) पुगेको व्यहोरा आदरणीय शेयरधनी सदस्यहरु समक्ष अवगत गराउन चाहन्छु । साथै संस्थाको मेरुदण्ड शेयर पूँजी भएकोले पूँजी बृद्धि गर्न यस गरिमामय साधारण सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

## ३. निक्षेप संकलनः

संस्थाको गत आ.व. २०६९/०७० को कूल निक्षेप रु. १४,४०,४५,८२७.४६ (चौध करोड चालिस लाख पैतालिस हजार आठ सय सत्ताईस रुपैयाँ छयालिस पैसा मात्र) रहेकोमा आ.व. २०७०/०७१ मा संस्थाले नियमित अवधि बचत, साधारण बचत, मुद्धती बचत, बाल शैक्षिक बचत, सुनौलो बचत, बिशेष बचत, नारी उत्थान बचत, पेन्सन बचत, संचयकोष बचत, बोनस अवधि बचत र कल बचत योजना अन्तर्गत रु. ९,५९,७५,३८४.४० (नौ करोड उन्ननसाठी लाख पचहत्तर हजार तीन सय चौरासी रुपैयाँ चालिस पैसा मात्र) थप निक्षेप संकलन गरी रु. २४,००,२१,२११.८६ (चौबिस करोड एक्काईस हजार दुई सय एघार रुपैयाँ छयासी पैसा मात्र) पुऱ्याउन सफल भएका छौं ।

## ४. कर्जा सापटी तथा लगानी र असुलीः

गत आ.व. २०६९/०७० मा कर्जा लगानीमा रहेको रु. १२,३३,६६,७१२.१४ (बाह्र करोड

तेत्तिस लाख छैसाठी हजार सात सय बाह्र रुपैया चौध पैसा मात्र) मा आ.व. २०७०/०७१ को अन्त्य सम्ममा थप कर्जा रु. १३,५५,२७,७७३ (तेह्र करोड पचपन्न लाख सत्ताईस हजार सात सय त्रिहत्तर रुपैयाँ मात्र) लगानी गरिएको मध्ये रु. १०,१०,३५,८०८.४५ (दस करोड दस लाख पैतिस हजार आठ सय आठ रुपैयाँ पैतालिस पैसा मात्र) कर्जा असुली गरि बाँकी कर्जा रकम रु. १५,७८,५८,६७६.६९ (पन्ध्र करोड अठहत्तर लाख अन्ठाउन्न हजार छ सय छहत्तर रुपैयाँ उन्नानसत्तरी पैसा मात्र) कर्जा लगानीमा रहेको व्यहोरा शेयरधनी सदस्यहरु माझ जानकारी गराउन चाहन्छु ।

## ५. तरलताः

संस्थाले स्थापना देखि नै तरलता व्यवस्थापनमा विशेष ध्यान दिदै आइरहेको छ । समग्र वित्तिय संस्थाहरुले चरम तरलताको अभाव महशुस गरिरहदा पनि यस संस्थाले सदस्यहरुको बचत फिर्ता तथा कर्जा लगानी योग्य तरलताको अवस्था सदैव सुदृढ पार्दै आइरहेको अवगत गराउन चाहन्छु । गत आ.व २०७०/०७१ मा संस्थाको आफ्नै सहकारी भवन निर्माण कार्य प्रारम्भ हुनु, सदस्यहरुको संस्था प्रतिको विश्वास बढ्नु र समग्र वित्तिय क्षेत्रमा नगद मौज्दात बढ्नुले सस्थाको तरलता आवश्यक भन्दा बढी रहन गएको छ । गत आ.व. २०७०/०७१ मा रु. ९,००,८४,१०५.०६ (नौ करोड चौरासी हजार एक सय पाँच रुपैया छ पैसा मात्र) नगद तरलता रहेको छ । जसले गर्दा गत आ.व.को खुद मुनाफामा प्रत्यक्ष असर पारेको छ । यस आ.व.को शुरुका दुई महिनामा पनि निरन्तर तरलता बृद्धि भैरहेको हुदा संस्थाको तरलता व्यवस्थापनको लागि ऋण तथा बचतको व्याजदर घटाउने, कर्जा सिमा बढाउने, कर्जाको प्रक्रिया सरल र सुलभ बनाउने आदि रणनीति लिएको जानकारी यस सभा समक्ष गराउन चाहन्छु ।

## ६. आ.व. २०७०/०७१ को कूल आम्दानी र खर्च विवरणः

आम्दानी तर्फ संस्थाले आ.व. २०७०/०७१ मा कर्जा लगानीबाट व्याज रु. २,३८,७९,३८०.८२ (दुई करोड अड्तीस लाख उन्नानअसी हजार तीन सय असी रुपैयाँ बयासी पैसा मात्र) र प्रक्रियागत शुल्क लगायत अन्य विविध आम्दानी रु. ७६,५५,६०६.९७ (छैहत्तर लाख पचपन्न हजार छ सय छ रुपैयाँ सन्तानब्बे पैसा मात्र) गरी कूल रु. ३,१५,३४,९८७.७९ (तीन करोड पन्ध्र लाख चौतिस हजार नौ सय सतासी रुपैयाँ उन्ननअस्सी पैसा मात्र) आम्दानी गरेको छ भने खर्च तर्फ गत आ.व. २०७०/०७१ मा विभिन्न बचतमा प्रदान गरिएको व्याज खर्च रु. १,८६,२३,२२९.५८ (एक करोड छयासी लाख तेईस हजार दुई सय उन्ननतीस रुपैयाँ अनठाउन पैसा मात्र), प्रशासनिक खर्च रु. ३,०४५,९८२.२० (तीस लाख पैतालिस हजार नौ सय बयासी रुपैयाँ बिस पैसा मात्र), कर्मचारी खर्च रु. ५५,५९,२४१.९४ (पचपन्न लाख उन्ननसाठी हजार दुई सय एकचालिस रुपैयाँ चौरानब्बे पैसा मात्र), ह्रास कट्टी खर्च रु. ४,५६,१३९.३० (चार लाख छपन्न हजार एक सय उन्ननचालिस रुपैयाँ तिस पैसा मात्र) र संभावित कर्जा जोखिम कोष व्यवस्था तर्फ रु. १७,६२,५७३.०० (सत्र लाख बैसाठ्ठी हजार पाँच सय त्रिहत्तर रुपैयाँ मात्र) समेत गरी

जम्मा रु. २,९४,४७,१६६.०२ (दुई करोड चौरानब्बे लाख सड्चालिस हजार एक सय छैसाठ्ठी रुपैयाँ दुई पैसा मात्र) खर्च भएको व्यहोरा समेत म शेयरधनी महानुभावहरु समक्ष अवगत गराउन चाहन्छु ।

## ७. नाफा नोक्सान हिसाबः

आ.व. २०७०/०७१ मा संस्थाको कूल आम्दानी रु. ३,१५,३४,९८७.७९ (तीन करोड पन्ध्र लाख चौतिस हजार नौ सय सतासी रुपैयाँ उन्ननसत्तरी पैसा मात्र) रहेको छ भने गत आ.व. नै संस्थाको कुल खर्च रु. २,९४,४७,१६६.०२ (दुई करोड चौरानब्बे लाख सड्चालिस हजार एक सय छैसाठ्ठी रुपैयाँ दुई पैसा मात्र) हुन गएको छ । यसर्थ संस्थाले आ.व. २०७०/०७१ मा कोषको लागि उपलब्ध मुनाफा रु. २०,८७,८२१.७७ (बीस लाख सत्तासी हजार आठ सय एक्काइस रुपैयाँ सतहत्तर पैसा मात्र) आर्जन गरेको व्यहोरा म आदरणीय शेयरधनी सदस्य समक्ष राख्न चाहन्छु ।

## ८. कुल कारोवारः

संस्थाले आर्थिक वर्ष २०७०/०७१ अन्त्यसम्म कूल कारोवार रु. २६,७२,१५,२४३.७२ (छब्बीस करोड बहत्तर लाख पन्ध्र हजार दुई सय त्रिचालीस रुपैयाँ बहत्तर पैसा मात्र) पुऱ्याउन सफल रहेको व्यहोरा शेयरधनी सदस्यहरु माझ सहर्ष जानकारी गराउन चाहन्छु ।

## ९. संस्थाको गतिविधिहरुः

संस्थाले गत आ.व. २०७०/०७१ मा सहकारी सँग सम्बन्धित, सदस्यहरुसँग सम्बन्धित एवम सामाजिक गतिविधिहरुमा आफ्नो उपस्थिति जनाउँदै आएको छ। जस अन्तर्गत "राष्ट्रिय सहकारी दिवस-२०७०" को अवसर मा आयोजित सहकारी ऱ्याली तथा आमसभा कार्यक्रम मा संस्थाका सम्पूर्ण पदाधिकारी, कर्मचारीहरु एवंम सदस्यहरुको समेत सहभागीतामा संस्थाको व्यानर,बाजागाजा सहित सहभागिता रहेको थियो । त्यस्तै गत चैत ११-१३ गते सम्म काठमाडौंमा आयोजित प्रथम राष्ट्रिय सहकारी महासम्मेलन-२०७० मा संस्थाको प्रतिनिधित्व गर्दै संस्थाका अध्यक्ष सहभागी हुनुभएको थियो ।त्यस्तै संस्थाको छैठौं वार्षिक उत्सवको उपलक्ष्यमा संस्थाको नव-निर्मित भवनमा आयोजित "प्रथम वृहत रक्तदान कार्यक्रम-२०७१ तथा चियापान कार्यक्रममा" सदस्यहरु, रक्तदाताहरु तथा अन्य संघ संस्थाका अतिथिहरुको पनि उत्साहजनक उपस्थिति थियो। संस्था द्वारा नै पहिलो पटक गरिएको उक्त रक्तदान कार्यक्रम मा कुल १२० जना रक्तदाता महानुभावहरुले रक्तदान दिनु भएको थियो जुन आफैमा एउटा उल्लेखनीय स्मरणीय कार्य थियो । त्यस्तै संस्थाले कर्मचारीहरु तथा पदाधिकारीहरुको पून: ताजगी तथा कामको बोझ बाट केही समय टाढा बनाई पुनः नयाँ जोश र हौसलाका साथ काममा फर्काउन वार्षिक रुपमा गर्दै आएको सहकारी अवलोकन भ्रमण अन्तर्गत गत आ.व.मा पोखरा भ्रमण  गराईएको थियो । उक्त अवलोकन भ्रमणमा पोखरा स्थित प्रमुख पर्यटकीय स्थलका साथै माउण्टेन म्युजियम, गण्डकी रेन्बो ट्राउट फाम आदि उपयोगी ठाउँहरुको पनि भ्रमण गराएको थियो। त्यसका साथै संस्थाले आफ्ना कार्यक्षेत्र भित्र आयोजना हुने धार्मिक, सांस्कृतिक, शैक्षिक खेलकुद आदि क्षेत्रमा

पनि सहभागिता जनाउँदै आएको जानकारी यस सभा समक्ष गराउन चाहान्छु ।

## १०. देवदर्शन सहकारी भवनः

आफ्नै सहकारी भवन निर्माण गरि सदस्यहरुलाई सेवा प्रदान गर्ने लक्ष्य राखी सहकारी विभाग, डिभिजन सहकारी कार्यालय, काठमाडौंको स्विकृतीमा मिति २०६८/१०/२७ गते संस्थाको नाममा खरिद गरिएको काठमाडौं जिल्ला महादेवस्थान गा.वि.स वडा नं. २ 'क' स्थित किता नं. ८९१ को ०-५-२-० क्षेत्रफल जग्गामा मिति २०७०/०२/३० गते नेपाल बचत तथा ऋृण केन्द्रिय सहकारी संघ लि.(नेफस्कुन) का अध्यक्ष श्री मिनराज कडेल ज्यू बाट सहकारी भवनको शिलान्यास सम्पन्न गरिएको थियो । त्यस्तै भवन निर्माण कार्यलाई दुई चरणमा विभाजन गरिएको थियो । जस अन्तर्गतको पहिलो चरण civil work को कार्य समयमा नै सम्पन्न भई दोस्रो चरणको interior work को लागि २०७०/१२/१३ गते नागरिक राष्ट्रिय दैनिकमा वोलपत्र आहवान गरी अन्तिम मिति सम्म प्राप्त भएमा कुल ८ वटा (आठ वटा) गोप्य शिलवन्दी बोलपत्रहरु मध्ये सम्पूर्ण कागजात पुरा भएको, Interior work को राम्रो अनुभव भएको एंवम सबै भन्दा कम कवोल मुल्य भएको तीन वटा कम्पनी हरु लाई पुन प्रतिस्पर्धा गराई सबैभन्दा कम मुल्य रु. ५३,४१,२४७.३९ (अक्षरेपीः त्रिपन्न लाख एकचालिस हजार दुई सय सड्चालिस रुपैया उन्ननचालिस पैसा मात्र) मूल्य अभिवृद्धि कर (VAT) बाहेक कबोल गर्ने श्री आश्रा इन्टरनेशनल प्रा. लि. नयाँ बानेश्वर, काठमाडौं लाई Interior work जिम्मा दिइएको थियो र उक्त कम्पनीले पनि समयमा नै आन्तरिक/वाह्नय सजावटको कार्य सम्पन्न गरेको जानकारी गराउन चाहन्छु । सहकारी भवन निर्माण कार्य पुरा भई सकेपछि संस्थाले निम्न अनुसार सहकारी भवनको प्रयोग गर्दै आइरहेको छ ।

**FLOOR PLAN**

| | |
|---|---|
| Ground Floor: | Co-operavite Hall |
| First Floor: | Teller Counter |
| Second Floor: | Administration |

## ११. आवद्धताः

संस्था निम्न संघ, संस्थाहरुमा आवद्ध रहेको आदरणीय शेयर सदस्यहरुलाई जानकारी गराउन चाहन्छु ।

क) राष्ट्रिय सहकारी बैंक

ख) नेपाल बचत तथा ऋृण केन्द्रिय सहकारी संघ (NEFSCUN)

ग) जिल्ला सहकारी संघ, काठमाडौं ।

## १२. पाँचौ वार्षिक साधारण सभाः

संस्थाको पाँचौ वार्षिक साधारण सभा मिति २०७०/०६/१८ गते सतुङ्गल पार्टी प्यालेस, सतुङ्गलमा सम्पन्न भएको थियो । सो साधारण सभामा संस्थाका ५३१ जना सदस्यहरुको

सक्रिय उपस्थिति रहेको थियो र सदस्यहरुको उक्त उपस्थितिको साधारण सभाका प्रमुख अतिथि श्री बलराम निरौला ज्यू (प्रमुख, डिभिजन सहकारी कार्यालय, काठमाडौं) बाट पनि प्रशंसा भएको थियो । साथै सो साधारण सभामा अन्य अतिथिज्यूहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिज्यूहरुको पनि बाक्लो उपस्थिति रहेको थियो । साथै संस्थाले उक्त साधारण सभामा उत्कृष्ट बचतकर्ता सदस्य, उत्कृष्ट कारोबारी सदस्य, उत्कृष्ट आवधीक बचतकर्ता सदस्य, उत्कृष्ट मुद्दती बचतकर्ता सदस्य, उत्कृष्ट वर्ष कर्मचारी (आन्तरीक/वाह्य) १/१ जना, S.L.C परिक्षामा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यहरुका एक छोरा/एक छोरी लाई प्रदान गरिदै आएको Devdarshan S.L.C Excellence Award पनि प्रदान गरिएको थियो ।

## १३. आ. ब. ०७१/०७२ को लागि लक्ष्य एवं बजेट :

### क. शेयर पूजी :

संस्थाको कारोबार बृद्धि गर्न सदस्य संख्या बृद्धि संगै आ.ब. ०७१/०७२ सम्ममा रु. २ करोड शेयर पूँजी पुऱ्याउने संस्थाको लक्ष्य रहेको छ ।

### ख. निक्षेप संकलन :

बिभिन्न प्रकारका निक्षेप संकलन एवं भुक्तानी गरी आ. ब. ०७१/०७२ को अन्त्य सम्ममा संस्थाको कुल बाँकी निक्षेप रु. ३० करोड पुऱ्याउने लक्ष्य रहेको छ ।

### ग. कर्जा लगानी :

शेयर, बचत, साँवा र ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेतबाट आ.ब. ०७१/०७२ मा विभिन्न उद्देश्यका कर्जामा रु १८ करोड लगानी गर्ने उद्देश्य राखिएको छ ।

### घ. कर्जा असुली :

सम्पूर्ण लगानी गरिएका पुराना कर्जा तथा आ. ब. ०७१/०७२ मा लगानी गरिने कर्जा समेतको असुली कार्य तालिका अनुसार रु. १० करोड ५० लाख असुली गरि सोहि आ.ब. को अन्त्य सम्ममा लगानीमा बाँकी कर्जा रु. २३ करोड हुने अनुमान गरिएको छ ।

### ङ. कर्मचारी दरबन्दी :

हाल संस्थामा कार्यरत कर्मचारीहरु सहित आ. व. ०७१/०७२ मा हुने अनुमानित कुल कारोबार बृद्धि अनुसार आवश्यक शाखाहरुमा कर्मचारीहरु थप गर्नुपर्ने अनुमान गरिएको छ ।

### च. अनुमानित खर्च :

आ. ब. ०७१/०७२ को लागि बचत तथा सापटीमा ब्याज खर्च तर्फ रु. २ करोड ४० लाख ३७ हजार, कर्मचारीहरुको तलब, भत्ता तथा अन्य सुबिधा आदिको लागि रु. ५८ लाख १९ हजारको व्यवस्था गरिएको छ । त्यस्तै कार्यालय

संचालन खर्च तर्फ रु. ७२ लाख र ह्रासकट्टी रु १० लाख ५९ हजार गरी जम्मा रु. ३ करोड ८१ लाख १४ हजार अनुमानित खर्च व्यवस्था गरिएको छ ।

### छ. अनुमानित आम्दानी :

आ.ब. ०७१/०७२ मा कर्जा तथा सापट बाट ब्याज आम्दानी तर्फ रु. ३ करोड ३५ लाख ६२ हजार ५ सय अनुमान गरिएको छ । त्यसैगरी विविध आम्दानी तर्फ रु. ८९ लाख ५० हजार गरी जम्मा अनुमानित आम्दानी रु. ४ करोड २५ लाख १२ हजार ५ सय हुने अनुमान गरिएको छ ।

### ज. नाफा-नोक्सान स्थिति :

उपरोक्त बमोजिम कुल अनुमानित आम्दानी रकम रु. ४ करोड २५ लाख १२ हजार ५ सय बाट अनुमानित खर्च रकम रु. ३ करोड ८१ लाख १४ हजार कट्टा गर्दा अनुमानित नाफा रकम रु. ४३ लाख ९८ हजार ५ सय रहन जाने देखिन्छ ।

### झ. आ.ब. ०७१/०७२ को लागि अनुमानित सम्पत्ति बजेट :

आ. ब. २०७१/०७२ मा संस्थाको भवन निर्माण कार्य सम्पन्न हुने तथा सम्पूर्ण बिलहरु फर्छ्यौट हुने हुदाँ अनुमानित रु १,३०,३५,६०९.०० (एक करोड तीस लाख पैतिस हजार छ सय नौ रुपैया मात्र)को अनुमानित सम्पत्ति बजेट बिनियोजन गरिएको छ ।

## १४. धन्यवाद ज्ञापन:

अन्तमा संस्थालाई निरन्तर रुपमा सहयोग गरी रहनु हुने हाम्रा आदरणीय शेयरधनी सदस्यहरुलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । त्यसैगरी संस्था संचालनका लागि मार्गदर्शकको रुपमा रहेको सहकारी विभाग काठमाडौं, डिभिजन सहकारी कार्यालय काठमाडौं, संचालक समितिका पदाधिकारीहरु, लेखा समितिका पदाधिकारीहरु, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पु¥याउनु हुने व्यक्ति संघसंस्था एवं आ.व. २०७०/०७१ को लेखा परीक्षण प्रतिवेदन तयार गरी सहयोग पु¥याउनु हुने लेखा परीक्षक श्री चन्द्र बहादुर गुरुङ्ग (चन्द्र एण्ड कम्पनी) र नेपाल सरकारको सम्बन्धित निकाय समेतलाई सहयोगको लागि स-धन्यवाद हार्दिक आभार प्रकट गर्न चाहन्छु । भविष्यमा पनि सबै क्षेत्रबाट यही किसिमको सहयोग पाउने अपेक्षा गरेको छु । संस्था सञ्चालनमा हरतरहले सहयोग पु¥याउने संस्थाका प्रबन्धक, अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई मेरो तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु । साथै आजको यस सभामा हाम्रो निमन्त्रणालाई स्वीकारी पाल्नु भएका प्रमुख अतिथि, बिषेश अतिथि, अतिथि, शेयर सदस्य महानुभावहरु र विभिन्न मिडियाबाट उपस्थित पत्रकार मित्रहरमा समेत हार्दिक कृतज्ञता प्रकट गर्दछु । अन्तमा लेखा परीक्षकद्वारा तयार पारिएको आ.व. २०७०/०७१ को लेखा परीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब लगायत अन्य वित्तीय विवरणहरु र संचालक समितिको तर्फबाट प्रस्तुत प्रस्तावहरु अनुमोदनको लागि शेयरधनी सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद । जय सहकारी ॥ २०७१।०६।०३ गते शुक्रबार ।

**Chandra & Company** Pan 500057085

Registered Auditor
Regd. No 2150 B
C. O. P. No 1212
Phone no 014420187
Kathmandu, Thamel

# देवदर्शनं बचत तथा ऋण सहकारी संस्था लि. का
## शेयर सदस्य महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिबेदन

### वित्तीय विवरण उपर प्रतिवेदन

१. हामीले देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि, काठमाण्डौको वित्तीय विवरण जसले २०७१ साल आषाढ ३२ (१६ जुलाई २०१४) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक बर्ष २०७०। ०७१ को आय बिवरण हिसाव, नगद प्रबाह विवरण तथा इक्विटीमा परिवर्तन विवरण र प्रमुख लेखानिती तथा लेखा टिप्पणी समावेश गर्दछ, जसको लेखा परीक्षण सम्पन्न गरेको छौ ।

### वित्तीय विवरण उपर ब्यबस्थापनको उत्तरदायित्व

२. प्रचलित कानुन तथा लेखामान बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतीकरण गर्नु देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि को ब्यबस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अन्तर्गत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटीको कारण रहीत छ भनी तयारी र प्रस्तुतीकरण गर्ने कार्यसंग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागु गर्ने र अधावधिक वनाई राख्ने, उपयुक्त लेखानीतिको छनोट गर्ने र लागु गर्ने तथा तत्कालीन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् ।

### लेखापरिक्षकको उत्तरदायित्व

वित्तिय विवरण उपर लेखापरिक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

सहकारी ऐन २०४८ तथा सहकारी मापदण्ड २०६८ र नेपाल लेखापरिक्षणमानको आधारमा लेखा परिक्षण सम्पन्न गर्नु पर्दछ । यी लेखापरीक्षणमानहरु वमोजिम वित्तिय विवरणहरु गलत आंकडा रहित छ भनि विश्वास्त हुन लेखापरिक्षकले नैतिक मुल्य मान्यताका पालना गर्नु पर्दछ र सो बमोजिम लेखापरिक्षण योजना तयार गरि लेखापरिक्षण गर्नु पर्दछ ।

वित्तिय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको नमुना (छड्के) परीक्षण समेत लेखापरिक्षणमा समावेश हुन्छ । (निकाय) ले आवलम्वन

गरेको लेखा नीति व्यवस्थापनले गरेका महत्वपुर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्यांकन पनि लेखापरिक्षणमा समावेश हुन्छ ।

लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने लेखा टिप्पणी बाहेक कुरामा हामी विश्वस्त छौ ।

१. उपरोक्त आधारमा लेखा परीक्षण गरी निम्नानुसारको प्रतिबेदन पेश गरेको छौं ।

   (क) लेखा परीक्षण सम्पन्न गर्न हामीले आवश्यक ठानेको सूचना र स्पष्टीकरणहरु उपलब्ध भएका छन् ।

   (ख) यस प्रतिबेदनसँग सम्बन्धित वासलात र आय बिबरण हिसाब तथा नगद प्रबाह विवरण, आर्थिक बिवरणको अनुसुची १९(११) र अनुसुची २०(१ देखि ३ र ६) मा उल्लेख भए बाहेक नेपाल लेखामान,सहकारी बिभागबाट जारी भएका निर्देशन एवं प्रचलित कानुनलाई पालन गरी तयार भएका छन् र संस्थाले राखेको लेखासँग टिप्पणी गरेको बाहेक दुरुस्त रहेका छन् ।

२. हामीलाई प्राप्त जानकारी अनुसार, स्पष्टीकरण र हामीले परीक्षण गरेको श्रेस्ताहरुबाट संस्थाको संचालक समिति वा कुनै संचालक वा संस्थाको कुनै कर्मचारीले लेखा सम्बन्धी कुनै ऐन कानून विरुद्ध काम गरेको वा संस्थालाई कुनै हानी नोक्सानी वा बेहिसाव गरेको, संस्था तथा निक्षेपकर्ताको हक वा सुरक्षा विपरीत हुने काम गरेको हाम्रो जानकारीमा आएको पाएनौ, र

## राय

अघिल्लो अनुच्छेदमा व्याख्या गरिएको बिषयवस्तुको असरका कारण समायोजन हुन सक्ने तथा टिप्पणी गरेको वाहेक हाम्रो रायमा, संलग्न वित्तिय विवरणले सारभुतरुपमा २०७१ अषाढ मसान्तको वित्तिय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको वित्तिय कार्य सम्पादन र नगद प्रवाहको लेखामान तथा सहकारी ऐन २०४८ वमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

आर. ए. सि. बी गुरुङ्ग
(निमित्त चन्द्र एण्ड कम्पनी)
काठमाण्डौ, ठमेल

मिती: २०७१/०५/ १८
स्थानः काठमाडौं

**देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को**
**छैंठौं वार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट**
**संयोजकको आ.व. २०७०/०७१ को**

# वार्षिक प्रतिवेदन

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को छैंठौं वार्षिक साधारण सभाका सभापति ज्यू, प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, संचालक समितिका सदस्यज्यूहरु, यस संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा अन्य आमन्त्रित सदस्यहरुमा यस संस्थाको छैठौं वार्षिक साधारण सभाको अवसरमा हार्दिक स्वागत गर्दै लेखा समितिको तर्फबाट म संयोजकको हैसियतले तपाईहरु समक्ष आ.व. ०७०/७१ को लेखा समितिको प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

यस संस्थाले आफ्नो कार्य क्षेत्र भित्र रहेर सम्पूर्ण शेयर धनि महानुभावहरुमा आफ्नो वित्तिय तथा बैकिङ्ग सेवाहरु प्रदान गरिरहेको विदितै छ । सोहि अनुसार सहकारीमा आवद्ध शेयर सदस्यहरुले पनि यो संस्था मेरो हो, यसलाई आर्थिक र समाजिक रुपमा समृद्धिशिल बनाउनु पर्छ । म र मेरो परिवारको समस्या समाधान गर्न सहकारी छ भन्ने भावना जगाउनु हाम्रो कर्तव्य र दायित्व हो । हाल संस्थामा सदस्यहरुको विश्वास र भरोसाले गर्दा निक्षेप अत्याधिक वृद्धि भईरहेको छ भने संस्थाले आफ्नै सहकारी भवन निर्माण गरेका कारणले अचल सम्पत्तिमा समेत बृद्धि भएको छ । आर्थिक कारोबारसँग जोडिएको हुनाले चल अचल सम्पत्ति निरन्तर बृद्धि हुर्दै जाने हुदाँ आउँदा आ.व मा पनि कुल कारोबारको आधारमा शेयर पूँजी कमी नै हुने सम्भावनाले गर्दा शेयर रकम बृद्धि गर्ने कार्यक्रम अझै प्रभावकारी रुपमा संचालन गर्ने सुझाव दिएका छौं । संचालक समितिले शेयर सदस्य बृद्धि र शेयर रकम थप गरी सहयोग गर्नु हुनेछ भनि विश्वास लिएको छु ।

**लेखा समितिको सुझावहरु:**

क) संस्थाको कारोबार बृद्धि भैरहेको र शेयर पूँजी कम भएकोले तत्काल शेयरपुँजी बृद्धि गर्नुपर्ने देखिन्छ ।

ख) संस्थाको कारोबार प्रत्येक दिन बृद्धि भैरहेको र यस मध्ये बढि व्याज तिर्नुपर्ने मुद्धती बचतमा धेरै रकम जम्मा भएकोले यस्तो कार्यक्रमलाई भन्दा सानो तथा नियमित बचत कार्यक्रमहरुलाई प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।

ग) कर्जा लगानी नै संस्थाको आम्दानीको मुख्य मेरुदण्ड भएकोले लगानीका नयाँ क्षेत्रहरु पहिचान गरि लगानी बढाउनु पर्ने देखिन्छ ।

घ) डिभिजन सहकारी कार्यालयबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने र सो सम्बन्धि नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

अन्तमा यस समितिलाई आवश्यक सहयोग प्रदान गर्नुहुने संचालक [illegible] अधिकृत तथा सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद [illegible]



नानु [illegible]
संयोजक
लेखा समिति

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

**२०७० श्रावण १ देखि ०७१ असार ३२ गते सम्मको**

## वासलात

| विवरण | अनूसुचि | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| **पूंजी तथा दायित्व** | | | |
| शेयर पूंजी | ०१ | १४,०२४,१००।०० | १२,०६७,९००।०० |
| जगेडा तथा अन्य कोष | ०२ | ५,३२१,९६९।९७ | ५,१२१,०९६।१३ |
| निक्षेप दायित्व | ०३ | २४०,०२१,२११।८६ | १४४,०४५,८२७।४६ |
| अन्य दायित्वहरु | ०४ | ७,८४७,९६१।८९ | ५,८७६,१४४।११ |
| **जम्मा** | | **२६७,२१५,२४३।७२** | **१६७,११०,९६७।७०** |
| जायजेथा तथा सम्पत्ति | | | |
| नगद तथा बैंक मौज्दात | ०५ | ९०,०८४,१०५।०६ | ३३,३१४,०७३।१९ |
| कर्जा तथा सापटी | ०६ | १५७,८५८,६७६।६९ | १२३,३६६,७१२।१४ |
| स्थिर सम्पत्ति | ०७ | १३,१३६,६५३।४८ | ६,७२९,७२८।५८ |
| अन्य सम्पत्ति | ०८ | ५,१०९,८०८।४९ | २,६७४,४५३।७९ |
| ब्याबसायिक लगानी | ०९ | १,०२६,०००।०० | १,०२६,०००।०० |
| **जम्मा** | | **२६७,२१५,२४३।७२** | **१६७,११०,९६७।७०** |

प्रमुख लेखा नीतिहरु १९ -

लेखा सम्बन्धी टिप्पणी २०

लेखापाल अध्यक्ष रजिष्टर्ड लेखापरीक्षक

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.
**थानकोट, काठमाण्डौ**
**२०७० श्रावण १ देखि ०७१ असार ३२ गते सम्मको**

## आय बिवरण हिसाब

| आम्दानी | अनुसुचि | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| व्याज आम्दानी | १० | २३,८७९,३८०।८२ | १८,५१६,३८२।७२ |
| अन्य आम्दानी | ११ | ६,३११,४०४।२५ | ४,७३३,९८९।७४ |
| सम्भाबित जोखिम कोषबाट फिर्ता | १८ | १,३४४,२०२।७२ | १,०६३,४९८।२८ |
| **जम्मा** | | **३१,५३४,९८७।७९** | **२४,३१३,८७०।७४** |

| खर्च | अनुसुचि | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| व्याज खर्च | १२ | १८,६२३,२२९।५८ | १२,३२६,९३७।३७ |
| कार्यालय संचालन खर्च | १३ | ३,०४५,९८२।२० | ३,०८२,७१२।५३ |
| सापटी व्याज खर्च | १४ | - | - |
| ह्रास कट्टी | ०७ | ४५६,१३९।३० | ५९९,३३७।८६ |
| कर्मचारी खर्च | १५ | ५,५५९,२४१।९४ | ४,१४३,२८९।१५ |
| सम्भाबित जोखिम कोष व्यबस्था | १६ | १,७६२,५७३।०० | १,३४४,२०२।०० |
| कर्मचारी बोनष खर्च | १७ | - | - |
| **जम्मा** | | **२९,४४७,१६६।०२** | **२१,४९६,४७८।९१** |

| विवरण | अनुसुचि | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| यस वर्षको संचालन मुनाफा | | २,०८७,८२१।७७ | २,८१७,३९१।८३ |
| आयकर व्यवस्था | | - | - |
| यस वर्षको खुद नाफा (आयकर पछिको) | | २,०८७,८२१।७७ | २,८१७,३९१।८३ |
| **कोषको लागि उपलब्ध मुनाफा** | | २,०८७,८२१।७७ | २,८१७,३९१।८३ |

लेखापाल | अध्यक्ष | रजिष्टर्ड लेखापरीक्षक

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

## इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण

**२०७० साल श्रावण १ गते देखि २०७१ असाढ ३२ गते सम्मको**

| विवरण | शेयर पूँजी | संचित आय | साधारण जगेडा कोष | पूँजीगत जगेडा कोष | शेयर प्रिमीयम | अन्य कोष | कुल रकम |
|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | १२,०६७,९०० | - | २,५९७,२९७ | - | - | २,५२३,७९९ | १७,१८८,९९६ |
| समायोजन | - | - | - | - | - | (१,८८७,२१८) | (१,८८७,२१८) |
| थप शेयर जारी | १,९५६,२०० | - | ५२२,०२३ | - | - | १,५६६,०६९ | ४,०४४,२९२ |
| थप शेयरको लागि अग्रिम भुक्तानी जारी | - | - | - | - | - | - | - |
| साधारण जगेडा कोषमा सारिएको | - | - | - | - | - | - | - |
| यस बर्षको खुद नाफा | - | - | - | - | - | - | - |
| **अन्तिम मौज्दात** | १४,०२४,१०० | - | ३,११९,३२० | - | - | २,२०२,६५० | १९,३४६,०७० |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

**२०७० श्रावण १ देखि ०७१ असार ३२ गते सम्मको**

# नगद प्रवाह विवरण

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| **क) संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| खूद नाफा यस वर्ष | २,०८७,८२१.७७ | २,८१७,३९१.८३ |
| **समायोजन** | - | - |
| ह्रास कट्टी | ४५६,१३९.३० | ५९९,३३७.८६ |
| सम्पत्ति अपलेखन समायोजन | २०,८०३.७१ | २०७,५८३.७१ |
| जगेडा तथा कोष (घटाउने) | (१,८८६,९४७.९३) | (१,२९८,८४४.७५) |
| नियमित तथा क्रमिक निक्षेप दायित्व बृद्धि | ९५,९७५,३८४.४० | ३०,७७५,८०६.४७ |
| अन्य दायित्व बृद्धि | १,९७१,८१७.७८ | १,४८०,००८.१६ |
| कर्जा तथा सापटि (घटाउने) | (३४,४९१,९६४.५५) | (३२,१३३,१५६.९१० |
| पुर्ब संचालन खर्च(घटाउने) | - | - |
| अन्य सम्पत्ति (घटाउने) | (२,४३५,३५४.७०) | (१,५८१,४७७.१५) |
| **कुल संचालन गतिविधीबाट नगद प्रवाह** | **६१,६९७,६९९.७८** | **८६६,६४९.२२** |
| **ख) लगानीको गतिविधीबाट नगद प्रवाह** | | |
| लगानी (घटाउने) | ०.३० | ४८४,०००.०० |
| सम्पति समायोजन | १८,८०६.०० | (०.३०) |
| सम्पत्ति खरिद (घटाउने) | (६,९०२,६७४.२१) | ढ२७१,४२१.६०) |
| **कुल लगानी गतिविधिबाट नगद प्रवाह** | **(६,८८३,८६७.९१)** | **२१२,५७८.१०** |
| **ग) वित्तिय गतिविधीबाट नगद प्रवाह** | **–** | **–** |
| सेयर पुाजी बृद्धि | १,९५६,२००.०० | १,३३८,४००.०० |
| कुल वित्तिय गतिविधिबाट नगद प्रवाह | १,९५६,२००.०० | १,३३८,४००.०० |
| कुल गतिविधिबाट नगद प्रवाह (कंखंग) | ५६,७७०,०३१.८७ | २,४१७,६२७.३२ |
| जोड्नेः गत वर्षको बैक तथा नगद मौज्दात | ३३,३१४,०७३.१९ | ३०,८९६,४४५.८७ |
| **कुल नगद तथा बैंक मौज्दात** | **९०,०८४,१०५.०६** | **३३,३१४,०७३.१९** |

लेखापाल अध्यक्ष रजिष्टर्ड लेखापरीक्षक

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

**२०७० श्रावण १ देखि ०७१ असार ३२ गते  सम्मको**

**प्रस्तुत आर्थिक विवरण सम्बन्ध राख्ने अनुसूचिहरु क्रमशः**

## चुक्ता शेयर पूँजी

अनूसुचि ०१

| शेयर कित्ता | प्रति कित्ता दर रु | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| १४०,२४१।०० | १००।०० | १४,०२४,१००।०० | १२,०६७,९००।०० |
| | **जम्मा** | **१४,०२४,१००।००** | **१२,०६७,९००।००** |

## जगेडा तथा अन्य कोष

अनूसुचि ०२

| विविध कोषहरु | यस बर्षको रकम रु | गत बर्ष सम्मको रकम रु | यस बर्ष खर्च भएको रकम रु | यस बर्षसम्म बाँकी रकम रु |
|---|---|---|---|---|
| साधारण जगेडा कोष | ५२१,९५५।४४ | २,७३०,०३६।५८ | - | ३,२५१,९९२।०२ |
| शेयर लाभांस कोष | १,२१३,८३६।१६ | १,६७३,४९४।१० | १६३५७३९।९३ | १,२५१,५९०।३३ |
| सुरक्षित पुंजी कोष | ३५,५७०।२९ | ४८,०००।०० | - | ८३,५७०।२९ |
| कर्मचारी बोनस कोष | १५६,५८६।६४ | २५५,२००।५८ | २५३४०८।०९ | १५८,३७९।२२ |
| सहकारी बिकाश कोष | २९,४४८।५० | ३९,७३९।०० | - | २९,४४८।५० |
| सहकारी शिक्ष तथा तालिम कोष | ११,११५।७२ | १५,०००।०० | - | ११,११५।७२ |
| सहकारी संस्था स्थिरीकरण कोष | २२,२३१।७९ | ३००००।४८ | - | २२,२३१।७९ |
| घाटा पुर्ती कोष | ४०,०१६।५८ | ५४,०००।०० | ९४०१६।५८ | ९४,०११।५० |
| डुबन्त ऋण कोष | ५७,०६०।६७ | ७७,०००।०० | - | १३४,०६०।६७ |
| सदस्य हित कोष | १२२००।०० | ३३१,३६४।८७ | १०,०००।०० | ३३३,५६४।८७ |
| **जम्मा** | **२,०८७,८२१।७७** | **५,१२१,०९६।१३** | **१८८७२१८।१९** | **५,३२१,९६९।७८** |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

**२०७० श्रावण १ देखि ०७१ असार ३२ गते सम्मको**

## निक्षेप

अनूसुचि ०३

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| नियमित अवधि बचत | ९,२९३,१०९।०१ | ६,७३४,४१७।९७ |
| साधारण बचत | २४,००२,७७५।३० | १३,९५२,५७९।४० |
| मूद्धती बचत | ४७,५६९,३७६।०० | ३६,३८५,०३६।०० |
| बाल शैक्षिक बचत | १४,०५५,१५२।०३ | १०,०६१,९७३।६४ |
| सूनौलो बचत | १५,५०४,८६७।२३ | ३,१८६,७६१।०१ |
| देवदर्शन बिशेष बचत | ४०,०२७,९५८।९८ | २८,१२४,०३७।५५ |
| नारी उत्थान बचत | ४६४,९४६।१७ | ५०३,७५३।६३ |
| देवदर्शन पेन्शन बचत | ३५,८३५,९७८।०० | ३,३१५,०१०।०० |
| नियमित बचत | ५,९५९,७४३।३८ | २,४९७,१४८।०० |
| पेन्सन बचत | - | १४,६७५,९६८।०० |
| संचयकोष बचत | ३१,८५१।९८ | १७,३०२।४८ |
| बोनस अवधि बचत | ४,८५२,३९८।९५ | २,९४६,४४७।७२ |
| कल डिपोजिट | २५,८१६,०४४।५९ | १०,५४४,२९८।१६ |
| चालु (कर्जा संकलन) | १६,६०७,०१०।२४ | ११,१०१,०९३।९० |
| **जम्मा** | **२४०,०२१,२११।८६** | **१४४,०४५,८२७।४६** |

## अन्य दायित्व

अनूसुचि ०४

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| भूक्तानी दिनूपर्ने व्याज | ४,७३९,२३६।२८ | ३,०४५,८३६।३८ |
| कर (भूक्तानी बांकी) | २३२,८३१।४७ | ३१३,८४७।४७ |
| लेखापरिक्षण शूल्क | २५,०००।०० | - |
| विविध साहू | ६,५००।०० | - |
| भवन निर्माण धरौटी | ११५,६२६।६६ | ३४०,०००।०० |
| उपदान कोष | ३६७,१२०।४१ | २५३,८८०।४१ |
| कर्जा नोक्सानी व्यबस्था | १,७६२,५७३।०० | १,३४४,२०२।७२ |
| व्याज मूल्तवी | ५९९,०७४।०७ | ५७३,१७७।१३ |
| धरौटी | - | ५,२००।०० |
| **जम्मा** | **७,८४७,९६१।८९** | **५,८७६,१४४।११** |

## नगद तथा बैंक मौज्दात

अनूसुचि ०५

| विवरण | यस वर्षको रू. | गत वर्षको रू. |
|---|---|---|
| नेपाल केडिट एण्ड कमर्स बैंक लि. | ४५,५३५,२१४।५१ | १५,५९०,१९८।६९ |
| राष्ट्रिय सहकारी बैक लि. | १६,०२७,९१२।०७ | १०,२४५,७३५।४४ |
| एभरेष्ट बैंक लि. | ६,१९३,८३५।८३ | ५,४६१,९३६।०६ |
| नेफस्कुन | १२,०००।०० | ६,०००।०० |
| सिद्धार्थ बैंक लि. | २०,३१४,१३५।६५ | |
| नगद मौज्दात | २,००१,००७।०० | ३,०१०,२०४।०० |
| **जम्मा** | **९०,०८४,१०५।०६** | **३३,३१४,०७३।१९** |

## कर्जा तथा सापटी

अनूसुचि ०६

| विवरण | यस वर्षको रू. | गत वर्षको रू. |
|---|---|---|
| घरायसी कर्जा | १२,३१७,७७२।९९ | १०,६६३,०९३।२७ |
| लघू कर्जा (सा.ज.) | ६४,४९८,४०९।४७ | ३९,४४०,५२६।५६ |
| हायर पर्चेज कर्जा | १५,१८३,४९१।६४ | १२,६४७,४३०।३७ |
| मुद्दती रसिद धितो कर्जा | २,२१०,७८९।७२ | २,४९५,४३५।८८ |
| सहूलियत कर्जा | ४९९,९९६।९३ | १,६९९,९९६।९३ |
| छोटो अवधी कर्जा | ८,४९४,२६१।०२ | २,९३५,४६६।५३ |
| कार्यशील पूजी कर्जा | - | १,०००,०००।०० |
| व्यावसायिक कर्जा (धितो) | ५४,६५३,९५४।९२ | ५२,४८४,७६२।६० |
| **जम्मा** | **१५७,८५८,६७६।६९** | **१२३,३६६,७१२।१४** |

## अन्य सम्पत्ति

अनूसुचि ०८

| विवरण | यस वर्षको रू. | गत वर्षको रू. |
|---|---|---|
| अन्य पेश्की | ३,२६०,६३५।०० | १,३२८,५७५।०० |
| प्रशासनिक पेश्की | ९०,५९६।०० | २५,०००।०० |
| कर्मचारी पेश्की | ७८,५००।०० | ११५,५००।०० |
| पाउनूपर्ने ब्याज | ५९९,०७४।०७ | ५७३,१७७।१३ |
| मसलन्द मौज्दात | ३७२,९८०।३७ | ३०३,१३८।१९ |
| सानो नगदी कोष | - | १,२५८।०० |
| अग्रिम कर | ६४५,६७४।९७ | २६१,०१४।६५ |
| धरौटी | ९,९००।०० | ९,९००।०० |
| अन्य सम्पत्ति | ५२,४४७।८२ | ५६,८९०।८२ |
| **जम्मा** | **५,१०९,८०८।४९** | **२,६७४,४५३।७९** |
| | | |

## **व्यावसायिक लगानी**

अनूसुचि ०९

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| राष्टिय सहकारी बैंक लि. (शेयर लगानी) | १०,०००।०० | १०,०००।०० |
| नेफस्कून | ११,०००।०० | ११,०००।०० |
| जिल्ला सहकारी सघं लि. | ५,०००।०० | ५,०००।०० |
| व्यवसायिक लगानी (उपकार चाउ चाउ) | १,०००,०००।०० | १,०००,०००।०० |
| **जम्मा** | **१,०२६,०००।००** | **१,०२६,०००।००** |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

**२०७० श्रावण १ देखि ०७१ असार ३२ गते सम्मको**

## ब्याज आम्दानी

अनूसुचि १०

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| मुद्दती रसिद धितो कर्जा | ४५६,९१०।२३ | ५५३,९७४।७२ |
| हायर पर्चेज कर्जा | २,२३२,५५४।९६ | १,०३०,७५१।१५ |
| व्यावसायिक धितो कर्जा | ९,२५५,६६१।०८ | ८,०२३,००४।७३ |
| सामूहिक जमानी कर्जा | २२६,४३४।८३ | ४१४,२७६।७२ |
| गरिवी निवारण | – | – |
| द्वरायसी कर्जा | २,२०५,४४९।२६ | १,९९२,५८०।७० |
| कार्याशील पुजी कर्जा | ४८,८२१।८५ | – |
| छोटो अवधी कर्जा | ८७७,२६८।४० | ३४९,८५६।१६ |
| सहूलियत कर्जा | १०६,५४२।२५ | २४७,८०३।७२ |
| लघू कर्जा (सा.ज.) | ८,४६९,७३७।९६ | ५,९०४,१३४।८२ |
| अन्य कर्जा | – | – |
| **जम्मा** | **२३,८७९,३८०।८२** | **१८,५१६,३८२।७२** |

## विविध आम्दानी

अनूसुचि ११

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| प्रकृयागत शूल्क | १,६८५,०८२।०० | १,६३९,१४१।०० |
| कर्जा फाराम शूल्क | ३५,८००।०० | ३१,४००।०० |
| सदस्य शूल्क | १६,६००।०० | १८,४००।०० |
| खाता बन्द शूल्क | २१,२८८।८१ | २५,५१०।५२ |
| फिल्ड निरिक्षण शूल्क | ५७,१००।०० | ५५,५००।०० |
| बोलपत्र फाराम शूल्क | ३९,०००।०० | १२,०००।०० |
| कर्जा नविकरण शूल्क | ९९३,७६०।०० | ५८०,७९९।०० |
| व्यवसाय मूल्यांकन शूल्क | ३४८,४००।०० | २५५,६००।०० |
| धितो मूल्यांकन | १४४,५७५।०० | १८५,६००।०० |
| हर्जना | – | ८९,८०३।६७ |
| बैंक व्याज | २,२४९,४६०।८२ | १,३४६,५१३।०२ |
| अन्य | ५९,४२९।३५ | ५२,१३६।५८ |
| अग्रिम भूक्तानी | ३४,२४८।२७ | १५,९००।०० |
| शेयर लाभांश आम्दानी | १,२३५।०० | ९१०।९५ |
| व्यबस्थापकिय शूल्क | ६२५,४२५।०० | ४२४,७७५।०० |
| विमा आम्दानी | – | – |
| **जम्मा** | **६,३११,४०४।२५** | **४,७३३,९८९।७४** |

## ब्याज खर्च

अनूसुचि १२

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| मुद्दती बचत ब्याज खर्च | ५,६२३,८७७।४८ | ४,१५०,२०५।७७ |
| नियमित अवधि बचत ब्याज खर्च | ६४१,२३६।१० | ४५८,६४५।८७ |
| साधारण बचत ब्याज खर्च | १,३०३,८५९।७२ | ९३९,१३०।८३ |
| देवदर्शन बिशेष बचत | २,५५५,५७४।७० | १,७७४,४९१।८८ |
| कल डिपोजिट | १,३०१,४१६।२९ | ९३०,०१४।१४ |
| बाल शैक्षिक बचत | १,३२९,४८१।०५ | ९०३,८६४।२८ |
| देवदर्शन पेन्शन बचत | ४५२,०७६।१९ | ५०२,०२७।४६ |
| नारी उत्थान बचत | ३५,०६९।७७ | ४६,९७०।१४ |
| संचयकोष बचत | १०,७६७।९३ | १०,८००।५६ |
| पेन्सन बचत | ३,४४८,०४९।१२ | १,६८१,७२४।३३ |
| सुनौलो बचत | ९५३,६५२।८७ | २७८,६२६।३३ |
| क्रमिक बचत ब्याज खर्च | ५२६,६६३।८८ | १८७,९४८।७५ |
| बोनस अवधि बचत | ४४१,५०४।४८ | ४६२,४८७।०३ |
| **जम्मा** | **१८,६२३,२२९।५८** | **१२,३२६,९३७।३७** |

## कार्यालय संचालन खर्च

अनूसुचि १३

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| संस्था विकास तथा प्रर्वद्धन खर्च | ३०,९५०।०० | १३४,७२०।०० |
| घरभाडा खर्च | २१६,०००।०० | २१६,०००।०० |
| विधूत तथा पानी महसूल खर्च | ४७,२९१।०० | ३७,०६४।०० |
| पार्किङ भाडा खर्च | ६६,०००।०० | ६६,०००।०० |
| मर्मत तथा सम्भार खर्च | ७४,१००।०० | ८९,४१९।९९ |
| बिमा खर्च | १८०,३०६।९३ | १३,५९५।०० |
| टेलिफोन, इमेल, हूलाक महसूल खर्च | ६६,५३८।०० | ७७,४३८।०० |
| मसलन्द तथा छपाई खर्च | २११,७३९।४२ | १६४,८५०।७७ |
| ईन्धन सवारी खर्च | ५४८,३६२।०० | ५४०,८५६।०० |
| अतिथि सत्कार खर्च | ६,०२४।०० | ६,३७८।०० |
| कार्यालय चियापान तथा खाजा खर्च | ३६,०९०।०० | ४०,९०३।०० |
| सरसफाई खर्च | ४,९८१।०० | ४,१७३।०० |
| शुल्क, दस्तुर नविकरण खर्च | ३३,४८८।०० | ६५,९३६।०० |
| आर्थिक सहयोग खर्च | १६,२५०।०० | - |
| कर्मचारी उपदान खर्च | ११३,२४०।०० | ८८,७००।०० |
| टूटफूट् खर्च | ३८,२५३।८९ | ६५,८७२।३२ |
| लेखापरिक्षण शूल्क | २५,०००।०० | २७,०००।०० |
| तालिम खर्च | १६,६५०।०० | २८,५२९।०० |
| कार्यालय पोशाक खर्च | १४८,८०५।०० | १०७,९६१।०० |
| पत्रपत्रिका खर्च | १७,५७४।९६ | ८,५१५।०० |
| यातायात खर्च | १६,९९५।०० | १,९१५।०० |
| संचालक समिति बैठक भत्ता खर्च | - | २६३,५००।०० |
| साधारण सभा खर्च | ४०८,१३५।०० | ३४४,८७०।७५ |
| बैठक भत्ता | ४३१,५००।०० | - |
| अन्य भत्ता | - | २५,०००।०० |
| सूरक्षा खर्च | - | २२४,०८०।०० |
| क्यालेन्डर छपाई तथा वितरण खर्च | १,०००।०० | २४१,०१७।७० |
| बिबिध उत्सव तथा समारोह | २४२,६६३।०० | १७९,७०२।०० |
| अन्य खर्च | ४८,०४५।०० | १८,७१६।०० |
| **जम्मा** | **३,०४५,९८२।२०** | **३,०८२,७१२।५३** |

## सापटी ब्याज खर्च

अनूसुचि १३

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| | - | - |
| **जम्मा** | **–** | **–** |

## कर्मचारी खर्च

अनूसुचि १५

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| तलब | ४,७१८,००७।३१ | ३,३९५,९५५।९९ |
| दशैं खर्च | २६५,६८०।०० | १७८,४००।०० |
| कर्मचारी विदा | २,१०९।६३ | ७९,४९९।१६ |
| कर्मचारी औषधी उपचार | २६१,६८५।०० | २०६,४४२।०० |
| कर्मचारी उपदान | – | – |
| संचयकोष कोष | २५५,१३६।०० | १९२,८८०।०० |
| कर्मचारी प्रोत्सान खर्च | ५६,६२४।०० | ९०,११२।०० |
| युनिफर्म | – | – |
| **जम्मा** | **५,५५९,२४१।९४** | **४,१४३,२८९।१५** |

## सम्भावित कर्जा जोखिम नोक्सानी ब्यवस्था

अनूसुचि १६

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| असल कर्जा | १,५७५,३६१।०० | १,२३१,२७१।०० |
| शंकास्पद कर्जा | ६०,१३०।०० | - |
| खराब कर्जा | १२६,८१२।०० | ११२,९३१।०० |
| **जम्मा** | **१,७६२,३०३।००** | **१,३४४,२०२।००** |

## कर्मचारी बोनस खर्च

अनूसुचि १७

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| कर्मचारी बोनस कोष ब्यवस्था | - | - |
| **जम्मा** | - | - |

## सम्भावित कर्जा जोखिम नोक्सानी ब्यवस्था फिर्ता

अनूसुचि १८

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| असल कर्जा | १,३४४,२०२।७२ | ९१०,०५२।०० |
| शंकास्पद कर्जा | - | ४०,३१५।२८ |
| खराब कर्जा | - | ११३,१३१।०० |
| **जम्मा** | **१,३४४,२०२।७२** | **१,०६३,४८९।२८** |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

## स्थिर सम्पत्तिको विवरण

**२०७१ साल असाढ मसान्त सम्मको**

अनूसुचि ०७

| गत वर्ष रु | विवरण | सम्पत्ति | | | | | | | | यस वर्ष रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जग्गा | काठ तथा धातु | कम्प्यूटर | कार्यालय पार्टिशन | कार्यालय सामान | गाडी | सफ्टवेयर | अन्य | |
| | १. परलमोल | | | | | | | | | |
| ७,२६५,२२८।२५ | क) गत बर्षको मौज्दात | ४,८६०,४७९ | ५८०,०३९।०७ | ३१९,५५६।५९ | ९६१,७१४।२६ | ३१५,८५७।६४ | १७१,५१३।३३ | ११९,९०६।२५ | - | ७,३२९,०६६।१४ |
| २७१४२१।६० | ख) यस बर्ष थप | ६,८८०,३१५ | ६,२०९।७१ | - | - | १६,१५०।०० | - | - | - | ६,९०२,६७४।२१ |
| - | ग) यस बर्ष पुनमूल्यांकन/पनर्लेखन | - | - | - | - | - | - | - | - | - |
| - | ३) यस र्षको विक्री | - | - | - | - | - | - | - | - | - |
| २०७,५८३।१७ | ङ) यस बर्षको अपलेखन | - | १६,१४४।६३ | - | - | ४,६५९।०८ | - | - | - | २०,८०३।७१ |
| ७,३२९,०६६।१४ | कुल (क+ख+ग+घ+ङ) परलमोल | ११,७४०,७९४ | ५७०,१०४।१५ | ३१९,५५६।५९ | ९६१,७१४।२६ | ३२७,३४८।५६ | १७१,५१३।३३ | ११९,९०६।२५ | - | १४,२५२,५४४।०६ |
| | २. ह्रासकट्टी | | | | | | | | | |
| - | क) गत बर्ष सम्मको | - | १३९,९४३।१७ | ७५,७२२।४८ | २४०,४२८।५७ | ७८,९६४।४१ | ३४,३०२।६७ | २९,९७६।५६ | - | ५९९,३३७८६ |
| ५९९,३३७८६ | ख) यस बर्षको | - | १०५,७०३।३५ | ५८,०९३।९४ | १८०,३२१।४२ | ६२,०९६।०४ | २७,४४२।१३ | २२,४८२।४२ | - | ४५६,१३९।३० |
| - | ग) ह्रासकट्टी पुनमूयाकंन/पुनर्लेखन | - | - | - | - | - | - | - | - | - |
| - | घ) ह्रासकट्टी रकम समायोजन/फिर्ता | - | ७,३४७।६६ | ११,४५८।३४ | - | - | - | - | - | १८,८०६।०० |
| ५९९,३३७८६ | कूल ह्रासकट्टी | - | २५२,९९४।११ | १४५,२७४।७६ | ४२०,७४९।९९ | १४१,०६०।४५ | ६१,७४४।८० | ५२,४५८।९८ | - | १,०७४,२८३।१६ |
| ६७२९७२८।२८ | ३. बुक भ्यालु | ११,७४०,७९४ | ३१७,११०।०४ | १७४,२८१।८३ | ५४०,९६४।२७ | १८६,२८८।११ | १०९,७६८।५३ | ६७,४४७।२७ | - | १३,१७८,२६०।९० |
| - | ४. जग्गा | - | - | - | - | - | - | - | - | - |
| - | ४. पूंजीगत निर्माण (पूंजीकरण गरिनुपर्ने) | - | - | - | - | - | - | - | - | - |
| - | ५. लीज होल्ड सम्पत्ति | - | - | - | - | - | - | - | - | - |
| ६७२९७२८।२८ | जम्मा (३+४+५+६) | ११,७४०,७९४ | ३१७,११०।०४ | १७४,२८१।८३ | ५४०,९६४।२७ | १८६,२८८।११ | १०९,७६८।५३ | ६७,४४७।२७ | - | १३,१३६,६५३।४८ |

* Written Value

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को

## प्रमुख लेखा नीति तथा तत्सम्बन्धी टिप्पणीहरु

अनुसूचीः १९

## प्रमुख लेखानीतिहरूः

### १. सामान्य जानकारी

देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन २०४८ अन्तर्गत सहकारी कार्यालय काठमाण्डौ जिल्लामा दर्ता भएको सहकारी संस्था हो। यसको कार्यालय थानकोट काठमाण्डौमा रहेको छ।

संस्थाको बिनियम तथा सहकारी बिभागबाट जारी भएको निर्देशन बमोजिम शेयर सदस्यबाट बचत संकलन गरी बचत रकमलाई सुरक्षित तथा ब्यबस्थित रुपमा कर्जा लगानी गरी सदस्यहरुमा आर्थिक उन्नती गराउनु यसको उद्धेश्य रहेको छ।

### २. वित्तीय विवरण

वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकामा बाहेक ऐतिहासिक लागत अवधारण, सामान्य रुपमा स्वीकार्य प्रचलन रहेका लेखा पद्धति, सहकारी ऐन तथा नीति निर्देशन तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थावाट जारी लेखामान सिद्धान्त बमोजीम तयार पारिएका छन्।

### ३. स्थिर सम्पती तथा कट्टी

क) स्थिर सम्पतीहरुको लेखांकन ऐतिहासिक लागत मुल्य (Historical cost concept) र सोको खरीद तथा जडान लागत समेत समावेस गरी पूंजीकरण गर्ने गरिएको छ।

ख) स्थिर सम्पतीहरुको ह्रास कट्टी आयकर ऐन २०५८ को अनुसूची २ ले निर्दिष्ट गरेको दर तथा तरिकाले घट्दो दरमा हिसाब गरी नाफा नोक्सान हिसाबमा खर्च लेखिएको छ।

## ४. लगानी

संस्थाले  राष्ट्रिय सहकारी बैंकको प्रारम्भिक शेयरमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखांकन गरिएको छ ।

## ५. व्याज खर्च तथा व्याज आम्दानीको लेखांकन

क) कर्जामा पाकेको व्याज तथा आम्दानीलाई प्रोदभावी आधारमा (accrual basis) गणना गरी प्राप्त हुन बाँकी ब्याजलाई व्याज मुल्तबि (Interest Suspense) हिसाबमा लेखांकन गरिएको छ र  सहकारी विभागको निर्देशिका अनुसार  नगद प्राप्ति (Cash Basis) आधारमा व्याज आम्दानी जनाउने गरिएको छ ।

ख) निक्षेप दायित्वमा दिईने व्याज खर्च सदस्यसंग गरिएको सम्झौता अनुसार प्रोदभावी आधारमा (Accrual Basis) खर्च लेख्ने गरिएको छ ।

ग) संस्थाले अन्य बैंक बित्तीय संस्था तथा अन्य सहकारी संस्थाहरुमा लगानी गरी प्राप्त ब्याजको स्रोतमा कर कट्टी भएको कर रकमलाई अग्रिम कर दाखिला मानी सम्पुर्ण ब्याज रकमलाई आम्दानी जनाईएको छ ।

## ६. आयकर ब्यबस्था

आयकर ऐन २०५८ ले ब्यबस्था गरे बमोजिम स्वयंकर निर्धारण गरी कायम भएको आयमा आयकर हिसाब गरी आयकरको ब्यवस्था गरिनु पर्ने प्राबधान भएतापनि आयकर ऐनको दफा ११ उपदफा २ बमोजिम ग्रामीण समुदायमा संचालित बचत तथा ऋणको आयमा कर नलाग्ने प्राबधान भएकोले संस्थाको आयमा आयकरको ब्यबस्था गरिएको छैन ।

## ७. कर्मचारी अवकास सम्बन्धी व्यबस्था

कर्मचारी उपदान तथा संचित  बिदा बापतको दायित्व  रकमलाई  भुक्तानीका आधारमा खर्च लेख्ने गरिएको छ ।

## ८. कोषको ब्यबस्था

प्रस्तुत आर्थिक बर्षमा संस्था नाफामा रहेकोले २५ प्रतिशत साधारण जगेडा कोषमा र बाकी रकमलाई बिनियम तथा संचालक समितीको निर्णय बमोजिम अन्य कोषहरुमा बांडफाड गरिएको छन् ।

## ९. मौज्दात

संस्थाले खरिद गरेको सबै किसिमको स्टेशनरी, छपाई तथा अन्य बिबिध सामग्रीहरु आवश्यक बमोजिम खरिद गरी  खपतको आधारमा खर्च जनाई बाकी रहेको मौज्दातलाई अन्य सम्पत्तिमा मौज्दात रहेको देखाईएको छन ।

## १०. अन्य नितीहरु

क) सहकारी लेखा प्रणाली अनुसार संस्थाले राख्नुपर्ने चार खाताहरु कम्प्युटर प्रणालीमा राखेको छ ।

ख) संस्थाले सदस्यहरुबाट बचत तथा निक्षेप संकलन गर्दा ९. देखि १५ प्रतिशत सम्म ब्याज प्रदान गरेको छ ।

ग) सस्थाले सदस्यहरुलाई कर्जा तथा सापटी प्रदान गर्दा १६ देखि १९ प्रतिशत सम्म ब्याज लिने गरेको छ । सस्थाले कर्जा तथा ऋण प्रबाह गर्दा सदस्यहरुबाट प्रकयागत शुल्क वापत १ प्रंतिशत  सम्म लिने गरेको छ ।

ङ) संस्थामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको करयोग्य आयमा  आयकर ऐन अनुसार कर कट्टी गरेको छ ।

## ११. कर्जा लगानी निति तथा कर्जा नोकसानी ब्यबस्थाः

क) संस्थाले ऋण तथा असुली सम्बन्धी निती २०६६ अनुसार कर्जा लगानी गर्ने गरेको र केही कर्जाहरु बिना धितो पनि लगानी गर्ने गरेको छ ।

ख) सहकारी बिभागद्धारा निर्दिष्ट गरे बमोजिम ब्यबस्था गर्नु पर्ने सम्भाबित कर्जा नोकसानीको रकम रु. १७,६२,५७३.०० ब्यबस्था गरिएको छ । जसले गर्दा यस बर्ष सो रकम बराबर  नाफा कमी देखिएको छ ।

# लेखा सम्बन्धि टिप्पणीहरू

अनुसूचीः २०

## १. शेयर पुँजी परिचालनः

प्रस्तुत बर्षमा रु १,४०,२४,१००.०० शेयर पुँजी विभिन्न शेयर सदस्यहरुबाट संकलन गरिएको छन्, गत बर्षको तुलानमा यस वर्ष रु.१९,५६,२००.०० ले शेयर पूंजी बृद्धि भएको छ ।

## २. निक्षेप दायित्वः

क) निक्षेप संकलनको सिमाः प्रस्तुत आर्थिक बर्षमा जम्मा रु २,४००,२१,२११.८६ निक्षेप संकलनभएको छ । यसरी संकलित निक्षेप, शेयर पुँजीको १० गुणा भन्दा बढी हुन गएको छ ।

ख) बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यहरु सँग मात्र निस्चित कार्य क्षेत्र भित्र कारोबार गर्नु पर्नेमा केहि क्षेत्र बाहिरका सदस्यहरुसँग तथा तोकिएको क्षेत्र भन्दा बाहिर समेत निक्षेप संकलन तथा ऋण प्रवाह गरेको छ ।

## ३. कर्जा तथा सापटीः

केही कर्जाहरुमा सदस्यको आबश्यकतालाई हेरी पुँजीकोषको १० प्रतिशत भन्दा बढी पनि एउटै सदस्यलाई ऋण प्रवाह गरिएको छ ।

## ४. सापटी

यस बर्ष कुनै सापटी रहेको छैन ।

## ५. लगानी विवरणः

संस्थाले राष्ट्रिय सहकारी बैंक तथा जिल्ला सहकारी संघको शेयरमा लगानी गरेको छ । सोको परल मुल्यमा लेखांकन गरेको छ ।

## ६. औषत ब्याज दरको अन्तरः

यस आर्थिक बर्ष कर्जा लगानीमा ब्याज आम्दानीको औषत वार्षिक दर १७.५ प्रतिशतले

प्रतिफल प्राप्त भएको र  निक्षेपमा प्रदान गरिने ब्याज दरको औषत लागत दर वार्षिक दर १२ प्रतिफल रहन गई औषत ब्याज दर अन्तर (Average Spread Rate) ५.५ प्रतिशत रहन गएको छ।

**७. सहकारी मापदण्ड २०६८ ले तोकिएको भन्दा तरलता बढी रहेको छ ।**

## ८. साधारण जगेडा कोषः

सहकारी ऐन २०४८ को प्राबधान बमोजिम खुद नाफाको २५ प्रतिशतले हुन आउने रकम रु ५,२१,९५५.४४  साधारण जगेडा कोषमा र बाकी रकम संस्थाको बिनियम बमोजिम बांडफांड गरी अन्य बिभिन्न कोषहरुमा जम्मा गरिएको छ।

## ९. सम्भाबित कर्जा नोक्सानी ब्यबस्था

सम्भाबित कर्जा नोक्सानीका लागी सहकारी विभागद्धारा निर्दिष्ट गरे बमोजिम सम्भाबित नोकसानीको ब्यबस्थापन  १७,६२,५७३.०० गर्नुपर्नेमा आय विवरण हिसाबमा सो बमोजिम ब्यबस्था गरेको छ  ।

## १०. अन्य आम्दानीः

संस्थाले ऋण लगानी गर्दा प्रस्तुत बर्ष प्रकृयागत शुल्क बापत रु.१६,८५,०८२.०० असुल गरेको छ।

## ११. पुनबर्गीकरण तथा समुहिकीकरण विवरण प्रस्तुतीः

गतबर्षका अंकहरुलाई प्रस्तुत बर्षको अंक संग तुलना हुने गरी आवश्यकता अनुसार पुनर्गठन वा पुन वर्गीकरण गरि प्रस्तुत गरिएको छ।

**टिपोट** (Note)

**टिपोट** (Note)

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

दाउराडिपो, चेकपोष्ट, काठमाडौं ।

## व्यवस्थापन समूह



**प्रविण सिलवाल**
प्रबन्धक



**प्रतिमा थापा मगर**
जू. लेखा अधिकृत



**सुमन थापा मगर**
जू. कर्जा अधिकृत



**दिपेश कार्की**
वरिष्ठ सहायक



**मनिषा गोपाली**
सहायक



**दिपा रेग्मी**
सहायक



**टेक राज भण्डारी**
सहायक



**पेशल कुमार खतिवडा**
सहायक



**नविना श्रेष्ठ**
सहायक



**शिब कुमार थापा मगर**
कनिष्ठ सहायक



**सुरज पाण्डे**
कनिष्ठ सहायक



**विक्रम सिग्देल**
कनिष्ठ सहायक



**सानु के.सी**
कनिष्ठ सहायक



**सन्तोषी उप्रेती**
कनिष्ठ सहायक



**कविन्द्र रेग्मी**
कनिष्ठ सहायक



**रोदिप श्रेष्ठ**
कनिष्ठ सहायक



**राजकुमार श्रेष्ठ**
कनिष्ठ सहायक



**संगिता खड्का**
कार्यालय सहयोगी



**नारायण खरेल**
सुरक्षा गार्ड



**पद्म सिंह खड्का**
सुरक्षा गार्ड




**देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.**

**DEV DARSHAN SAVING & CREDIT CO-OPERATIVE LTD.**

दाउराडिपो, चेकपोष्ट, काठमाडौं, फोनः ४३१६११७, ४३१६११८, फ्याक्सः ४३१६१२५